# अराकावा शहरमा फोहोर/प्लास्टिक/पुनःप्रशोधन मिलाउने र फाल्ने उचित तरिका

【पुनःप्रशोधन फोहोर/प्लास्टिक बारे सोधपुछ】सचेतना/शिक्षा खण्ड, सफाई तथा पुनःप्रशोधन प्रवर्द्धन विभाग ☎ 5692-6697
【दहनशील/गैर-दहनशील फोहोर】सञ्चालन खण्ड, सफाई तथा पुनःप्रशोधन प्रवर्द्धन विभाग ☎ 3892-4671

| प्रकार | दिन / स्थान | मिलाउने र डिस्पोज गर्ने सही तरिका (प्रत्येक अवस्थामा, फोहोर/पुनःप्रशोधन बिहान ८ बज्नुभन्दा अघि निकालिनुपर्छ।) |
|---|---|---|

## पुनःप्रशोधन मिल्ने

**दिन:** कृपया तपाईंको निवास क्षेत्रको लागि पिक-अप दिन भर्नुहोस्।

**स्थान:** कृपया **पुनःप्रशोधन पिक-अप स्थान**मा ल्याउनुहोस्।

- **खाना/पेय बोतलहरू**
- **खाना/पेय पदार्थ क्यान**

बिर्को हटाएर भित्रको पखाल्नुहोस्।

- **पी.ई.टी बोतलहरू**
  - बिर्को र लेबल हटाउनुहोस्।
  - भित्र पखाल्नुहोस् र जम्मा गर्ने नेटमा राख्नुहोस्।
  - बिर्को र लेबल प्लास्टिकको रुपमा फाल्नुपर्छ।
- **अखबार/पत्रिका/गत्ता/दूधको डिब्बा/विविध कागज** (कागजको झोला, बाकस, लपेट्ने कागज), आदि
  - प्रकार अनुसार मिलाउनुहोस् र डोरीले बाँध्नुहोस्।
- **स्टाइरोफोमको खानाको भाँडो** झकेपछि फुट्ने र भाँचिने खालको (सतहमा चित्र छापिएका ट्रेहरू पनि समावेश छन्।)
  - गर्ने नेटमा राख्नुभन्दा अघि प्लाष्टिकको च्याप आदि हटाउनुहोस् र ट्रे पखाल्नुहोस्।
  - * पखालिए पछि पनि दाग बसेका ट्रे भने दहनशील फोहोरको रुपमा फाल्नुपर्छ।
- **पुनःप्रशोधन मिल्ने कपडा** *निश्चित क्षेत्रहरू बाहेक
  - कपडा, तौलिया, आदि जुन अझै पनि प्रयोग गर्न सकिन्छ
  - पारदर्शी झोलामा राखेर झोलामा "古布 (कोफु)" (अर्थात् "पुनःप्रशोधन मिल्ने कपडा") भनेर लेबल गर्नुहोस्।
  - पानी पर्ने दिनमा नफाल्नुहोस्।

## प्लास्टिक

**दिन:** हप्तामा एक पटक

**स्थान:** कृपया **फोहोर पिक-अप स्टेशन**मा फोहोर ल्याउनुहोस्।

"प्ला-मार्क" (プラ) अनुसार प्लास्टिक मिलाउनुहोस् र सकेसम्म दाग हटाउनेगरि पखाल्नुहोस्। * अति दाग बसेको प्लास्टिक वस्तुहरू भने <u>दहनशील फोहोर</u>को रुपमा फालिनुपर्छ।

- जमेको खाना/खाजाको झोला
- किरानाको झोला
- मसलाको कन्टेनर
- रिफिल प्याक
- बेन्टो/कप नूडल्स कन्टेनर
- डिटर्जेन्ट कन्टेनर
- स्टाइरोफोम आदि जस्तो कशन सामग्री
- अण्डाको कन्टेनर
- खेलौना

## दहनशील फोहोर (जलाउन सकिने)

**दिन:** हप्तामा दुई पटक

**स्थान:** कृपया **फोहोर पिक-अप स्टेशन**मा फोहोर ल्याउनुहोस्।

- **खानाको फोहोर** — राम्ररी सुक्न दिनुहोस्।
- **थोरै मात्रामा हाँगाहरू, पातहरू र बिरुवाहरू**
- **दाग भएको/फाटेको कपडा**
- **पकाउने तेल** — तेल अवशोषित गर्न कागज, आदि प्रयोग गर्नुहोस्, वा स्कन्दक प्रयोग गरेर ठोस गर्नुहोस्।
- **कागज** — डायपरबाट मलमूत्र हटाउनुहोस्।
- **रबर/छालाको उत्पादनहरू** — नलीहरू 50cm वा कम लम्बाइमा काट्नुहोस्।
- **पखालिएको पछि पनि अति दाग बसेको प्लास्टिक**

**चरा जाल प्रयोगको लागि उपलब्ध छन्।**
*चरा जाल भाडामा लिनको लागि कृपया सफाई तथा पुनःप्रशोधन प्रवर्द्धन विभागलाई सम्पर्क गर्नुहोस्।

## गैर-दहनशील फोहोर (जलाउन नसकिने)

**दिन:** महिनामा दुई पटक

**स्थान:** कृपया **फोहोर पिक-अप स्टेशन**मा फोहोर ल्याउनुहोस्।

- **गिलास/सिरेमिक** — कागज, आदिमा बेर्नुहोस् र "危険" (अर्थात् "खतरनाक") भनेर लेबल गर्नुहोस्।
- **चक्कु/कैंची** — बाक्लो कागज/गत्ता, आदिमा बेर्नुहोस् र "危険" (अर्थात् "खतरनाक") भनेर लेबल गर्नुहोस्।
- **लाइट बल्ब** — लाइट बल्बहरू पेपरको बाकस आदिमा राख्नुहोस् ताकि फुट्न नपरोस्।
- **छाता**
- **भाँडा र प्यान**
- **सानो घरेलु उपकरण**
- **ड्राई सेल ब्याट्री**
- **स्प्रे क्यान/लाइटर** — *प्वाल नबनाउनुहोस् किनकि खतरनाक छ। बाँकी प्रयोग गर्नुहोस्, छुट्टै झोलामा राख्नुहोस्, र "危険" (अर्थात् "खतरनाक") भनेर लेबल गर्नुहोस्।

## ड्रप-अफ

लक्षित वस्तु: स्मार्टफोन, सेलफोन, पोर्टेबल संगीत प्लेयर, पोर्टेबल खेल उपकरण, इलेक्ट्रोनिक शब्दकोश, डिजिटल क्यामेरा, पोर्टेबल भिडियो क्यामेरा, क्यालकुलेटर, एसी एडेप्टर, पोर्टेबल गाडी नेभिगेसन प्रणाली र ट्याब्लेट (ट्याब्लेट पीसी बाहेक)
ड्रप अफ स्थानहरू: अराकावा शहर कार्यालयको 1F, अराकावा पारिस्थिति केन्द्र, अराकावा पुनःप्रशोधन केन्द्र, युइनोमोरी अराकावा, ACT-21, र फुरेआइ-कान सुविधाहरू

लक्षित वस्तु: फ्लोरोसेन्ट ट्युब, फोहोर पकाउने तेल (बिरुवाबाट व्युत्पन्न), पारा युक्त थर्मोमिटर/रक्तचाप मनिटर (घरेलु प्रयोग मात्र), र मसीका कारतूस
ड्रप अफ स्थानहरू: अराकावा पारिस्थिति केन्द्र, अराकावा पुनःप्रशोधन केन्द्र, युइनोमोरी अराकावा, सफाई/पुनःप्रशोधन कार्यालय, ओगु, र निप्पोरी, आदिको शहर निवासी कार्यालय।

## ओभरसाइज फोहोर (वस्तु जसको सबैभन्दा लामो पक्ष 30cm भन्दा बढी छ)

★कृपया **अराकावा शहर ओभरसाइज फोहोर डिस्पोजल टिकट** संलग्न गर्नुहोस्

अनुरोधको समयमा सञ्चार गरिएको रकमको साथ, र फोहोरको पिक-अप दिनमा बिहान ८ बजेभित्र आफ्नो घरको अगाडि (अपार्टमेन्ट, भुइँ तल्लामा वा प्रवेशद्वारको अगाडि ठूलो आकारको फोहोरको पिक-अप ठाउँ) बाहिर लैजानुहोस्।

**ओभरसाइज फोहोर रिसेप्शन केन्द्र ☎6420-3353**

## चारवटा घरेलु विद्युतीय उपकरण

★एसी ★टिभी ★फ्रिज/फ्रिजर/कूलिङ बाकस/वार्मिङ र फ्रिज क्याबिनेट ★लुगा धुने मेसिन/ड्रायर

**घरेलु उपकरण पुनःप्रशोधन रिसेप्शन केन्द्र**
**☎0570-087200 (नावी डायल)**

## पीसीहरू

कृपया सम्बन्धित निर्माता वा PC3R प्रवर्द्धन संघलाई सम्पर्क गर्नुहोस्।
**☎5282-7685**

कुरियर पिक-अप सेवाहरूको लागि, कृपया फोन वा वेबसाइट मार्फत् रिनेट जापान रिसाइकललाई सिधै अनुरोध गर्नुहोस्।
**☎0570-085-800**

## सङ्कलन गर्न नसकिने वस्तुहरू

सफाई तथा पुनःप्रशोधन प्रवर्द्धन विभागले निम्न वस्तुहरू लिन सक्दैन।

**★आगो निभाउने यन्त्र ★तिजोरी ★मोटरसाइकल ★गाडीहरू ★टायर ★रिचार्जेबल ब्याट्री ★पियानो ★चिकित्सा प्रयोगका लागि ओछ्यान ★औषधि ★पेन्ट ★संक्रामक अपशिष्ट ★ग्यास सिलिन्डर ★पेट्रोलियम तेल (पेट्रोल, थिनर, तताउने तेल) ★छाप्ने मसी ★कंक्रीट ब्लकहरू ★माटो र बालुवा ★Bनिर्माण गर्ने समान ★औद्योगिक उपकरण ★नभत्काइएको भण्डारण ★अन्य खतरनाक वस्तुहरू, आदि**

*माथिका वस्तुको लागि, कृपया उत्पादन खरिद गर्नुभएको खुद्रा पसल वा कुनै विशेष डिस्पोजल सेवा प्रदायकलाई अनुरोध गर्नुहोस्।
*डिस्पोजलको लागि कसलाई सम्पर्क गर्ने भनेर थाहा नभएकोमा, कृपया सफाई तथा पुनःप्रशोधन प्रवर्द्धन विभागलाई सोधपुछ गर्नुहोस्।

**अवैध डम्पिङ (अवैध रुपमा फोहोर फाल्ने) फौजदारी अपराध हो।**
**अवैध डम्पिङ रोक्न तपाईंको सहयोगको कदर गर्छौं।**